# चौरीदेउराली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ढाँडखर्क,भञ्ज्याङ्ग,काभ्रेपलाञ्चोक

बागमती,प्रदेश,नेपाल

प.स. ०७७/०७८
च.नं.

मिति २०७७/०९/१६

---

# सूचना ! सूचना !! सूचना!!!

विषय : सामाजिक सुरक्षा बैंक खाता अनिवार्य खोल्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा चौरीदेउराली गाउँकार्यपालिकाको निर्णयानुसार आ.व. २०७७/०७८ को दोश्रो चौमासिकबाट सामाजिक सुरक्षा भत्ता बैङकिङ्ग प्रणाली मार्फत अनिवार्य वितरण गर्नुपर्ने हुँदा यस पालिका भित्रका सबै वडाका लाभग्राहीहरुले तपसिल बमोजिमका कागजात सहित कात्तिके देउरालीमा रहेको NCC Bank मा शनिबार बाहेक स्वयम् लाभग्राही बैंकमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता मिति २०७७ पुष मसान्तसम्ममा बैंक खाता खोली सहयोग गरिदिनुहन अनुरोध छ। साथै काठमाडौंमा रहेका लाभग्राहीहरुले आफुलाई पाएक पर्ने स्थानमा NCC Bank को जुनसुकै शाखामा पुगी फाराम भरी बैंकलाई रुजु गर्न लगाई सम्बन्धित लाभग्राही वा संरक्षकले NCC Bank कात्तिके देउराली शाखा, काभ्रेपलाञ्चोकमा बुझाउनुहुन समेत अनुरोध छ।

तपसिल:

आवश्यक कागजातहरु:

१) लाभग्राहीको नागरिकताको फोटोकपी १ प्रति,
२) लाभग्राहीको फोटो पासपोर्ट साइज २ कपी,
३) लाभग्राहीको भत्ता कार्डको फोटोकपी १ प्रति,

२०७७/०९/१६
महान दास लामा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री सबै वडा कार्यालयहरु :- सम्बन्धित लाभग्राहीहरुलाई जानकारी गराई सहयोग गर्ने।

नोटः

१. वडा नं.१, २ र ३ को सन्दर्भमा "क" वर्गको आपाङ्गता र ९० वर्षमाथिका लाभग्राहीहरुको बैंक खाता सञ्चालनका लागि सम्बन्धित वडा कार्यालयमा नै Campaign सञ्चालन गरिनेछ।
२. तोकिएको समय अवधिभित्र बैंक खाता नखोलेका लाभग्राहीहरुले पाउनुपर्ने भत्ता रकम नपाएमा सो को जिम्मेवार लाभग्राही स्वयंम हुनेछ।